नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ४१ २०७७ साल भदौं २० गते शनिबार (5 Sep. 2020 Saturday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : मणिपाललाई कोभिड विशेष ... ३ पृष्ठमा : प्रदेश नं १ मा १४५ संक्रमित ... ३ पृष्ठमाकोभिड १९' बाट ...

# महामारीका बेला अग्रपंक्तिमा काम गर्ने ४३ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

कोरोना महामारीका बेला अग्रपंक्तिमा काम गर्ने सप्तरीका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी तथा संचारकर्मीहरु समेतमा संक्रमण बढ्न थालेको छ । महामारीको बेला हालसम्म ४३ जना अग्रपंक्तिमा काम गर्नेहरु संक्रमित भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

संक्रमित हुनेहरु मध्ये तीन जना संचारकर्मी समेत रहेका छन् । संचारकर्मी सबै उपचार पश्चात् निको भइसकेका छन् । यता जिल्लामा शुक्रबारसम्ममा १५ स्वास्थ्यकर्मी, ८ नेपाली सेना, ८ कर्मचारी र ३९ जना प्रहरीमा कोरोना संक्रमण पुष्टि भइसकेको छ । जसमध्ये एक टेलिकमका कर्मचारीको ज्यान गएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार यसरी संक्रमित भएकाहरु मध्ये प्रहरीतर्फ ९ जना निको भई डिस्चार्ज भएका छन् भने ३० जना आइसोलेशनमै उपचारका क्रममा छन् ।

राजविराजस्थित नेपाली सेनाका भिम दलगणका संक्रमित सबै ८ जना पनि उपचारकै क्रममा छन् । स्वास्थ्यकर्मी तर्फ कुल १५ जना संक्रमित भएकोमा १३ जना निको भई फर्किएका छन् भने दुई जना अझै आइसोलेशनमै छन् ।

यस्तै कोरोना महामारी फैलिए यता स्वास्थ्य, टेलिकम, विद्युत, बैंक तथा वित्तिय संस्था, स्थानिय तह र न्याय सम्पादन लगायतका अत्यावश्यक क्षेत्रमा सेवा प्रदान गर्ने ८ जना कर्मचारी पनि संक्रमित भएका छन् । एक जनाको मृत्यु, ६ जना निको भई घर फर्किएका छन् भने एक जना अझैं उपचारकै क्रममा आइसोलेशनमा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीमा हालसम्म संक्रमितको संख्या ८ सय ५८ पुगेको छ भने ८ जनाको मृत्यु भइसकेको छ । यस्तै कोरोना जितेर डिस्चार्ज हुनेको कुल संख्या ६ सय १७ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

# भन्सार छलेका विभिन्न सामान नियन्त्रण

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानहरुबाट भन्सार छलेर ल्याउँदै गरेको विभिन्न कपडा तथा सरसमानहरु जफत गरेको छ भने घरेलु मदिरा समेत नियन्त्रणमा लिएको छ ।

प्रहरीले जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ५ बाट ४० हजार बराबरको रेडिमेट कपडा नियन्त्रणमा लिएको छ ।

यस्तै प्रहरीले जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका ८ जोगिनियाबाट ९ हजार बराबरको हरियो मटर नियन्त्रणमा लिएको छ ।

त्यस्तै प्रहरीले राजविराज नगरपालिका ७ बाट १५ हजार मुल्य बराबरको कुर्ता सुरुवाल नियन्त्रणमा लिएको जनाएको छ ।

यसैगरि जिल्लाको डाक्नेश्वरी नगरपालिका ३ हटेलबाट ३० हजार मूल्य बराबरको कुर्ता सुरुवाल नियन्त्रणमा लिएको छ ।

प्रहरीले जिल्लाको सुरुङ्गा नगरपालिका १ र २ स्थित बिभिन्न पसलहरुमा चेकजाँच गर्ने क्रममा २ सय ५० लिटर बराबरको तयारी अबैध घरेलु मदिरा बरामद गरी नष्ट समेत गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सप्तरी कारागारका ६ कैदीबन्दी र २ प्रहरीसहित ८ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

क्षमता भन्दा तेब्बर कैदीबन्दी रहेको राजविराजस्थित सप्तरी कारागारका ६ कैदीबन्दी र सुरक्षार्थ खटिएका दुई जना प्रहरीमा शुक्रबार कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा संक्रमितको संख्या ८ सय ५८ पुगेको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालाबाट शुक्रबार दिउँसो प्राप्त परिक्षण रिपोर्टले उनीहरुमा

*बाँकी तीन पृष्ठमा*







**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# सिरहाका सात स्थानीय तहले अझै ल्याउन सकेनन् बजेट

लहान, १९ भदौ (रासस)।

आन्तरिक विवाद र जनप्रतिनिधिबीचको असमझदारीका कारण सिरहाका सात स्थानीय तहले चालु आर्थिक वर्षको बजेट अझै प्रस्तुत गर्न नसक्दा अन्योल बढेको छ। सङ्घीय सरकारले प्रत्येक स्थानीय तहलाई पत्राचार गरी असार १० भित्रै बजेट ल्याइसक्न निर्देशन दिए पनि सिरहाका १७ स्थानीय तह मध्ये सात स्थानीय तहले अझै बजेट ल्याउन सकेका छैनन्।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अर्थमन्त्रालयको पत्रानुसार असार १० गतेभित्रै स्थानीय तहले आफ्नो गाउँ तथा नगरसभामा बजेट पेश गरिसक्न निर्देशन दिएको थियो। समयमै बजेट नआए सङ्घीय सरकारबाट सम्बन्धित स्थानीय तहमा जाने अनुदान र राजश्व बाँडफाँटको प्रवर्द्धनमा समस्या पर्ने चेतावनीसहित अर्थमन्त्रालयले पत्राचार गरेपछि १० वटा स्थानीय तहले मात्रै गाउँ तथा नगरसभामा बजेट पेश गरेका छन्।

सिरहामा आठ नगरपालिका र नौ गाउँपालिका रहेकामा पाँच गाउँपालिका र दुई नगरपालिकाले अझै गाउँ तथा नगरसभामा बजेट पेश गर्न नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय सिरहाका प्रमुख राधेश्याम गिरीले जानकारी दिनुभयो।

सिरहाको औरही, नवराजपुर, लक्ष्मीपुर पतारी, अर्नमा र बरियारपट्टी गाउँपालिकाले गाउँसभा गर्न नसकेको प्रमुख गिरीले बताउनुभयो। उहाँका अनुसार कल्याणपुर र मिर्चैया नगरपालिकाले पनि नगरसभामा बजेट पेश गर्न सकेका छैनन्। सिरहाका विभिन्न स्थानीय तहमा देखिएको आन्तरिक विवाद, जनप्रतिनिधिहरु बीचको असमझदारीलगायतका कारणले समयमा नगरसभा हुन नसकेको प्रमुख गिरीको भनाइ छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने निर्णय

जनकपुरधाम, १९ भदौ (रासस)।

प्रदेश नं २ सरकारले जनकपुरधामको मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने भएको छ। प्रदेश संकट व्यवस्थापन केन्द्र (पिसिएमसी)को शुक्रबार बसेको बैठकले कोभिड संक्रमितको उपचारका लागि छुट्टै अस्पतालका रुपमा मणिपाललाई तयार गर्ने निर्णय गरेको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकमा मणिपाललाई कोभिड विशेष अस्पताल बनाउने कार्य तत्काल शुरु गर्न समितिले भनेको छ। मुख्यमन्त्री लालबाबु राउतले प्रदेशमा कोभिड विशेष अस्पताल बनाउने उपयुक्त स्थान मणिपाल रहेकाले तत्काल प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभयो।

प्रदेशमा कोभिड विशेष अस्पताल नहुँदा संक्रमितको उपचारमा समस्या हुँदै आएको छ। संक्रमितको व्यवस्थित तरिकाले उपचार गर्न तत्काल मणिपाललाई कोभिड विशेष अस्पतालका रुपमा परिणत गर्न सबै तयारी अगाडि बढाउनका लागि उहाँले निर्देशन दिनुभएको हो। भएको जनशक्तिलाई व्यवस्थापन गर्दै थप जनशक्ति लोकसेवा आयोगमार्फत थप गर्ने प्रक्रिया अघि बढाउने जानकारी मुख्यमन्त्री राउतले दिनुभयो। हाल प्रदेशका कोरोना संक्रमितको उपचार प्रादेशिक अस्पताल र जिल्ला अस्पतालमा हुने गरेको छ। त्यो दीर्घकालीन समाधान नरहेकाले तत्काल वैकल्पिक स्थलमध्ये मणिपाललाई कोभिड विशेष अस्पतालका रुपमा परिणत गर्ने निर्णय गरिएको छ।

कोभिड विशेष अस्पताल तयार गर्न आवश्यक स्रोतसाधन र जनशक्ति व्यवस्थापनको जिम्मा सम्बन्धित मन्त्रालयलाई दिइएको छ। बैठकले कोरोना रोकथाम तथा नियन्त्रण कोषमा रु १० करोड थप गर्ने निर्णय गरेको छ। प्रदेश सरकारले रु २५ करोडको कोष स्थापना गरेको थियो। रकमको आवश्यकता महसुस गरेर रु १० करोड थप गर्ने निर्णय गरिएको हो।

कोरोनाको महामारी रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकारले प्रयोगशाला र अस्पताल व्यवस्थापनमा जोड दिने निर्णय गरेको छ। आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले अब 'एक्सन'मा आउनुपर्ने तर्क गर्नुभयो।

विगतको निर्णयलाई कार्यान्वयन गरेर अघि बढनुपर्नेमा उहाँले जोड दिनुभयो। सामाजिक विकासमन्त्री नवलकिशोर साहले विगतको निर्णय तत्काल कार्यान्वनय गर्नुपर्नेमा जोड दिनुभयो। यसै सातामात्रै सम्पन्न भएको महामारी नियन्त्रणका लागि चाल्नुपर्ने कदमबारे संकलित सुझाव बैठकमा प्रस्तुत गरिएको थियो।

मुख्यन्यायाधिवक्ता दिपेन्द्र झाले आठै जिल्लामा मुख्यरुपमा पिसिआर सञ्चालन र त्यसको व्यवस्थापनका लागि सुझाव दिएको बताउनुभयो। वीरगञ्जमा थप पिसिआर र जनशक्तिको माग गरिएको छ भने अन्य जिल्लामा पिसिआरको व्यवस्थापन गर्न सुझाएको थियो।

# कोरोनासम्बन्धी नीति निर्माणमा महिला सहभागिता गराउन आदेश

काठमाडौँ, १९ भदौ (रासस)।

कोभिड-१९ को रोकथामसँग सम्बन्धित कुनै पनि छलफल, योजना निर्माण, व्यवस्थापन, अनुगमनलगायत निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिएको छ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासले बिहीबार कोरोनासम्बन्धी बन्ने सबै समितिमा संविधानको समानुपातिक समावेशिताको मर्म र लैंगिक समानताको अवधारणाअनुसार प्रतिनिधत्व सुनिश्चित गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो। ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं २ बस्नुहुने अधिवक्ता रोशनी पौडेलले दायर गर्नुभएको रिटमा फैसला गर्दै सर्वोच्चले यस्तो आदेश दिएको हो।

लैङ्गिक हिंसा तथा कोभिड-१९ बाट प्रभावित महिला तथा बालबालिकाको आकस्मिक र तत्काल उद्धारका लागि देशका ७५३ वटै स्थानीय सरकारमा हेल्पलाइन टेलिफोन वा सामाजिक सञ्जालको व्यवस्था गर्न आदेश दिइएको छ। हेल्पलाइनसम्बन्धी व्यवस्था रहेको जानकारी सबैमाझ पुऱ्याउन तथा अन्य आवश्यक पर्ने उपयुक्त विशेष उपाय अवलम्बन गर्नसमेत सरकारको नाममा आदेश जारी भएको छ।

सर्वोच्चले क्वारेन्टिनमा बसेका व्यक्तिका लागि स्वस्थ खाना, शुद्ध पिउने पानी, सामाजिक दुरी कायम हुने गरी खाने, सुत्ने र शौचको प्रबन्ध मिलाउन तथा महिला, बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिई सुरक्षित, स्तरीय र सुव्यवस्थित वासस्थानको व्यवस्था गर्नु गराउनु भनी सरकारका नाउँमा परमादेश जारी गरिदिएको छ।

महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्नु, क्वारेन्टिन एवं एकान्तवासमा बसेका गर्भवती, सुत्केरी, नवजात शिशुको संरक्षण, हेरचाह, औषधी तथा पौष्टिक आहारको व्यवस्था मिलाउन, गर्भवती महिलाको समय समयमा गरिनुपर्ने स्वास्थ्य परीक्षण र बालबालिकाले लिनुपर्ने खोप तथा सुईहरु प्राप्त गर्ने कुरालाई असहज हुन नदिनु भनी सर्वोच्चले तीनै तहका सरकारको ध्यानाकर्षण गराएको छ। कोभिड-१९ को समयमा राहत वितरण गर्दा महिलाप्रति संवेदनशील भई यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच पुऱ्याइ स्वास्थ्य सेवाको आवश्यक प्याकेजमा प्रजनन् स्वास्थ्य सामाग्री समावेश गर्नु भन्ने परमादेशमा उल्लेख गरिएको छ।

सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी ऐन, २०७५ सँग सम्बन्धित नियमावलीसमेत यथाशीघ्र बनाउनु भनी सरकारका नाममा सर्वोच्चको आदेश छ। विश्व स्वास्थ्य मापदण्डअनुरुप हरेक क्वारेन्टिन स्थल, स्वास्थ्य सेवा केन्द्र तथा स्थानीय तहमा मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि उचित प्रबन्ध गर्नु भनी सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

महामारीमा महिलाका लागि रोजगारी सुनिश्चितताको विशेष उपाय अवलम्बन गर्दै स्वदेशमा रोजगारी गुमाएका वा विदेशमा रोजगारी गुमाई आएकालाई विशेष सुरक्षा प्रदान गर्न आवश्यक आयआर्जनको वैकल्पिक उपायको पहल गर्नु भन्ने अदालतको आदेश छ।

विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार प्रत्यक्ष र अग्रपंक्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, स्वास्थ्य सेवामा खटिएका कर्मचारी, सफाइकर्मी तथा अत्यावश्यक सेवामा खटिएका व्यक्तिलाई आवश्यकपर्ने पिपिई तथा अन्य आवश्यक उपकरणलगायत सामग्री उच्च गुणस्तरको, पर्याप्तमात्रामा निःशुल्क उपलब्धताको व्यवस्था गर्नु, गराउनु, महिला स्वास्थ्यकर्मीलाई साइजअनुरुपको पिपिइ, सुविधाअनुरुपको कार्यसमय र अन्य सुविधामा समान पहुँचको सुनिश्चितता जस्ता आवश्यकताको व्यवस्थापन गर्नु साथै कोरोना महामारी सङ्क्रमणबाट सुरक्षाका लागि मात्र नभई रोकथाम उपचारका लागि पनि उचित संयन्त्रको सुनिश्चितता गर्नु भनी सरकारको नाममा आदेश छ।

रिट निवेदनको हकमा कोरोना जस्ता महामारीको वर्तमान चुनौतीलाई सामना गर्नसक्ने अवस्थामा सङ्क्रामक रोग ऐन, २०२० लगायत प्रचलित कानूनको पर्याप्तता र प्रभावकारिता छ छैन अध्ययन गरी अध्ययन प्रतिवेदनबमोजिम उपर्युक्त र आवश्यक लैङ्गिकमैत्री एवं उच्च जोखिम समूहलाई उच्च प्राथमिकतामा राखी कानून बनाउन सरकारका नाममा आदेश जारी भएको छ।

# संक्रमणको समुदाय ट्रान्समिसन जिल्ला र स्थानीय तहमा

काठमाडौँ, १९ भदौ (रासस)।

नेपालमा कोभिड- १९ को संक्रमण समुदाय (कम्युनिटी) ट्रान्समिसन जिल्ला र स्थानीय तहमा भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार गरेको पत्रकारसँगको भर्चुअल बैठकमा नेपालमा संक्रमण समुदायस्तरमा फैलिएसकेको र अहिले त्यो जिल्ला र स्थानीय तहमा रहेको बताइएको छ।

मन्त्रालयका कोभिड- १९ का स्थानीय स्रोत व्यक्ति महेन्द्र श्रेष्ठले संक्रमण मुलुकभरि नै समुदाय (कम्युनिटी) ट्रान्समिसन फैलिनसकेको र ख स्ससखास क्षेत्र (कलस्टर) तथा तहमा फैलिएको बताउनुभयो। "नेपालमा संक्रमण समुदायमा ट्रान्समिसन फैलिएको छ, यसमा कुनै दुई मत नै छैन, समुदायमा ट्रान्समिसनमा पनि जिल्ला र स्थानीय तहमा रहेका छौँ", उहाँले भन्नुभयो, "मुलुकभरि नै समुदाय ट्रान्समिसन भएको छैन, अहिले हामी कलस्टर तहमा रहेका छौँ, भोलि यो फैलिन सक्ला।"

नेपालमा अहिले ४४ हजार २३६ जना संक्रमित भइसकेका छन्। तीमध्ये २५ हजार ५६१ जना निको र २७१ जना संक्रमणका कारणले मृत्यु भइसकेको छ। बैठकमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले वीरगञ्ज, सर्लाही, काठमाडौँ ललितपुरलगायत जिल्लामा कलस्टर तहमा नै संक्रमण देखिएको बताउनुभयो। उहाँले ती ठाउँमा समुदायमा नै संक्रमण देखिएको हो वा होइन एन्टिबडी परीक्षणसमेत गरिने भएकाले यकिन तथ्यांक आएपछि जानकारी गराउने बताउनुभयो।

संक्रमणको सूचक हेर्दा अहिले समुदायस्तरमा नै हो कि भन्ने देखाएको छ। मोरङ, सुनसरी, बारा, महोत्तरी, धनुषा, रौतहट, सर्लाही, पर्सा, चितवन, काठमाडौँ, ललितपुर र रुपन्दहीलगायतका १२ जिल्लामा ५०० भन्दाबढी संक्रमित रहेका छन्। कोभिड- १९ को संक्रमण सबै समूहका मानिसमा देखिरहेको र ट्राभल हिस्ट्रीमा नदेखिएका व्यक्तिमा पनि संक्रमण देखिन थालेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य संगनठको सहयोगमा समुदायमा फैलिएको हो वा होइन भन्ने अध्ययन गर्न थालेको हो। महाशाखाले सात प्रदेशमा रगत नमूना लिएर एन्टिबडी परीक्षण गरी संक्रमण समुदायस्तरमा फैलिएकोबारे अध्ययन शुरु गर्दैछ।

संक्रमित भएको व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण सरेपछि दोस्रो चरणमा गएको हुन्छ। नेपाल यसअघि नै दोस्रो चरणमा प्रवेश गरिसकेको छ।

# प्रदेश नं १ मा १४५ संक्रमित थप र ९५ हजारको परीक्षण, २ मा दुईको मृत्यु र पाँच हजार निको

विराटनगर, १९ भदौ (रासस)।

प्रदेश नं १ मा पछिल्लो २४ घण्टाका अवधिमा १४५ कोरोना सङ्कमित थपिएका छन्। सो अवधिमा दुई हजार ११६ जनाको पिसिआर परीक्षण गरिएकामा ५३ महिला र ९२ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। प्रदेशमा यो अहिलेसम्मकै उच्च सङ्कमित सङ्ख्या हो।

सङ्कमितमध्ये मोरङमा ७०, सुनसरीमा ३४, झापामा २८, ओखलढुङ्गामा चार, उदयपुर, सोलुखुम्बु, भोजपुर र खोटाङमा एकएक तथा प्रदेश बाहिरका पाँच जना रहेको मन्त्रालयले जनाएको छ। विराटनगरमा शुक्रबार ६० जनाको पोजेटिभ रिपोर्ट आएकामध्ये २५ महिला र ३५ पुरुष छन्। मोरङको बूढीगङ्गाका दुई महिला र चार पुरुष, लेटाङकाम दुई महिला, सुनवर्षी र ग्रामथानका एकएक पुरुषको रिपोर्ट पोजेटिभ आएको छ। यस्तै सुनसरी दुहवीका सात महिला र छ पुरुष, इटहरीका एक महिला र नौ पुरुष, धरानका एक महिला र दुई पुरुष, इनरुवाका दुई पुरुष, गढीका एकएकमहिला र पुरुष, बर्जुका एकएक महिला र पुरुष, बराहक्षेत्रका एक पुरुष र कोशी गाउँपालिकाका एक महिलामा सङ्कमण देखिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार झापाको कनकाईका तीन महिला र आठ पुरुष, दमकका तीन महिला र दुई पुरुष, मेचीनगरका चार पुरुष, भद्रपुर र झापा गाउँपालिकाका तीनतीन र कचनकवल र गौरीगञ्जका एकएक पुरुष, ओखलढुङ्गाको मानेभञ्ज्याङका दुईदुई महिला र पुरुष, भोजपुरका एक पुरुष, उदयपुर, त्रियुगाका एक पुरुष, सोलुखुम्बु र खोटाङको स्थानीय तह नखुलेका एकएक पुरुष तथा प्रदेश बाहिरका एक महिला र चार पुरुषको रिपोर्ट पोजेटिभ आएको छ।

प्रदेशमा कोरोना सङ्कमितको सङ्ख्या शुक्रबारसम्म तीन हजार ८२५ पुगेको तथा शुक्रबार ७२ सङ्कमित निको भई घर फर्केका छन्। पूर्वाञ्चल विश्वविद्यालय कोभिड -१९ आइसोलेशन केन्द्र, गोठगाउँ मोरङबाट ३२, मेची अस्पताल झापाबाट १६, कोभिड -१९ आइसोलेसशन केन्द्र, रङ्गेली मोरङबाट ११, होटल एशियाटिक आइसोलेशन विराटनगरबाट सात, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट पाँच, बी जनरल अस्पताल आइसोलेसन केन्द्र, हरिनगर सुनसरीबाट एक सङ्कमित निको भएको मन्त्रालयले जनाएको छ। प्रदेशमा निको हुने सङ्कमितको सङ्ख्या अहिलेसम्म एक हजार ८१९ पुगेको छ।

मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ९५ हजार ४५९ जनाको पिसिआर परीक्षण गरिएको छ।

**जनकपुर-** प्रदेश नं २मा पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुई जनाको मृत्यु हुनाका साथै १६९ नयाँ सङ्क्रमित थपिएका छन्। सो अवधिमा सप्तरी जिल्लाबाट एक र धनुषा जिल्लाको एक उद्योगमा कार्यरत एक भारतीय गरी दुई जनाको मृत्यु भएको छ। यससमेत गरी प्रदेशबाट अहिलेसम्ममा ९८ जनाको मृत्यु भइसकेको छ।

सोही अवधिमा सप्तरीबाट ३५, सिरहाबाट १०, धनुषाबाट ३४, महोत्तरीबाट ४३, सर्लाही र रौतहटबाट एकएक, बाराबाट १९ र पर्साबाट २६ गरी १६९ जना नयाँ सङ्क्रमित थपिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

प्रदेशमा अब सङ्क्रमितको सङ्ख्या १० हजार ९७७ पुगेको छ। तीमध्ये शुक्रबार १०५ जना उपचार गराई निको भएर घर फर्केका छन्। अब निको भएर घर फर्केनेको सङ्ख्या पाँच हजार ३५९ पुगेको छ। प्रदेशमा १७७ वटा क्वारेन्टिन स्थलमा ५६८ जना बसेका छन् भने होम क्वारेन्टिनमा एक हजार ६८० जना, आइसोलेशनमा ९८९ जना र होम आइसोलेशनमा चार हजार ५३१ जना रहेको सो मन्त्रालयले जनाएको छ।

**गण्डकी-** गण्डकी प्रदेशमा शुक्रबार ८९ नयाँ कोरोना सङ्क्रमित थपिएका छन्। हालसम्म प्रदेशमा सङ्क्रमितको सङ्ख्या दुई हजार ४०३ पुगेको प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक एवम् गण्डकी प्रदेश कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रमका प्रवक्ता डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो।

निर्देशनालयका अनुसार प्रदेशको नवलपरासी जिल्लामा मात्रै ४१ सङ्क्रमित थपिएका हुन्। त्यस्तै कास्कीमा १७, गोरखामा २२, नवलपरासीमा ४१, लमजुङमा तीन, स्याङ्जा र तनहुँमा दुईदुई तथा बाग्लुङ र मनाङमा एकएक सङ्क्रमित थपिएका छन्।

प्रदेशमा निको भएर घर फर्कने एक हजार सात सय ६९ जना छन् भने कोरोनाको कारण १८ जनाको मृत्यु भएको छ। प्रदेशमा सघन उपचार कक्ष शय्या १७५ र भेन्टिलेटर ५७ छ।

**पोखराका तीन वडा सिल**

पोखरा महानगरमा कोरोना सङ्क्रमण बढ्न थालेपछि तीन वटा वडा सिल गर्ने निर्णय गरिएको छ। पोखरा- १०, १२ र १३ का क्षेत्रमा कोरोनाको उच्च जोखिम रहेकाले बन्द गर्ने निर्णय गरिएको हो।

वडाजनप्रतिनिधिका शुक्रबार बसेको संयुक्त बैठकले कोभिड- १९ को प्रकोप वडाको समुदायस्तरसम्म देखापरेको स्थितिलाई ध्यानमा राखी कोरोनालाई नियन्त्रण बाहिर जान नदिन सो निर्णय गरिएको वडाध्यक्षहरुद्वारा जारी संयुक्त विज्ञप्तिमा जनाइएको छ। विज्ञप्ति जारी गर्नेमा वडा नं १० का वडाध्यक्ष राजकुमार गुरुङ १२ का रामबहादुर कार्की र १३ का लेखबहादुर तामाङ हुनुहुन्छ।

विज्ञप्तिमा भदौ १९ गते बेलुका १२ बजेदेखि २६ गते रातिसम्म उक्त वडाका स्वर्णिम, अन्नपूर्ण, लालीगुराँस टोल, भद्रकाली हुँदै ढिकाले थर, कुँडहर हुँदै मियाँपाटनसम्मका सबै क्षेत्रलगायत आसपासकाका क्षेत्र सिल गरिएको जनाइएको छ।

वडा कार्यालयले बिहान ११ देखि २ बजेसम्म अत्यावश्यक खाद्य पदार्थ, स्वास्थ्यजन्य सेवा, अत्यावश्यक क्रियाकलापमा छुट दिने तथा अनिवार्य मास्कको प्रयोग र सामाजिक दूरी कायम गर्नसमेत आग्रह गरेको छ।

***सप्तरी कारागारका ...***

कोरोना संक्रमण पुष्टि भएको हो।

कारागारका निमित्त जेलर संजयकुमार रामले केही दिन यता ज्वरो तथा स्वाशप्रश्वासमा समस्या देखिएकाहरुको पिसिआर परिक्षण गराउँदा कोरोना संक्रमण पुष्टि भएको बताए।

संक्रमण पुष्टि भएका सबै पुरुष कैदीबन्दी रहेको जानकारी दिँदै निमित्त जेलर रामले उनीहरुलाई कारागार भित्रै छुटै कोठामा राखी उपचार व्यवस्था मिलाएको बताए।

एक सय २५ जना क्षमता रहेका कारागारमा हाल १५ महिलासहित हाल ३ सय ३३ जना कैदीबन्दी रहेका छन्।

यता जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले संक्रमित कैदीबन्दीको छुटै व्यबस्थापनका साथै कारागार भित्र रहेका अन्य कैदीबन्दीको पनि स्वाब संकलन गर्ने तयारी भइरहेको बताएका छन्।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# 'कोभिड १९' बाट विश्वमा आठ लाख ७३ हजार भन्दा बढीको मृत्यु

जेनेभा, स्वीट्जरल्याण्ड, १९ भदौ (रासस/एएफपी)।

विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट आठ लाख ७३ हजार २८५ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले शुक्रबार जानकारी दिएको छ।

सो संगठनका अनुसार विश्वमा दुई करोड ६४ लाख ७५ हजार ५६८ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्। यद्यपी विश्वमा कोरोना भाइरस सङ्क्रमित एक करोड ८६ लाख ६५ हजार ७३७ व्यक्ति कोरोना मुक्त भएका छन्।

हाल विश्वमा ६९ लाख ३६ हजार ५४६ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको पनि सो संगठनले जानकारी दिएको छ। सङ्क्रमितहरु मध्ये ६० हजार ७८५ जनाको अवस्था गम्भीर रहेको जनाएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण संयुक्त राज्य अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

कोरोना भाइरसबाट अन्त्यत प्रभावित दश ओटा देशहरुको डब्लुएचओद्वारा प्रकाशित तथ्याङ्क्यस्क यी रहेका छन्।

अमेरिकामा ६३ लाख ३५ हजार २४४ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यहाँ ३५ लाख ७५ हजार ९६ जना कोरोना भाइरस मुक्त भएका छन् भने १ लाख ९१ हजार ५८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।ब्राजिलमा ४० लाख ४६ हजार १५० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ ३२ लाख ४७ हजार ६१० कोरोना भाइरस मुक्त भएका छन् भने १ लाख २४ हजार ७२९ जनाको मृत्यु भएको छ।

भारतमा ३९ लाख ३६ हजार ७४७ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ ३० लाख ३७ हजार १५१ कोरोना भाइरस मुक्त भएका छन् भने ६८ हजार ५६९ जनाको मृत्यु भएको छ। रुस १० लाख ९ हजार ९९५ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन। यहाँ ८ लाख २६ हजार ९३५ कोरोना भाइरस मुक्त भएका छन् भने १७ हजार ५२८ जनाको मृत्यु भएको छ।

पेरुमा ६ लाख ७० हजार १४५ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ ८ लाख ८९ हजार ८८६ जना कोरोना भाइरस मुक्त भएका छन् भने २९ हजार ४०५ जनाको मृत्यु भएको छ।कोलम्बिया ६ लाख ४१ हजार ५७४ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ ८ लाख ८९ हजार १५१ कोरोना भाइरस मुक्त भएका छन् भने २० हजार ६१८ जनाको मृत्यु भएको छ।

दक्षिण अफ्रिकामा ६ लाख ३३ हजार १५ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ ५ लाख ५४ हजार ८८७ कोरोना भाइरस मुक्त भएका छन् भने १४ हजार ५६३ जनाको मृत्यु भएको छ। मेक्सिकोमा ६ लाख १६ हजार ८९४ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ ४ लाख ३० हजार २८७ कोरोना भाइरस मुक्त भएका छन् भने ६६ हजार ३२९ जनाको मृत्यु भएको छ।

स्पेनमा ४ लाख ८८ हजार ५१३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २९ हजार २३४ जनाको मृत्यु भएको छ। अर्जेन्टिना ४ लाख ५१ हजार १९८ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ। यहाँ ३ लाख २२ हजार ४६१ कोरोना भाइरस मुक्त भएका छन् भने ९ हजार ३६१ जनाको मृत्यु भएको छ।

# रातो मासु मुटु रोगीका लागि घातक : अध्ययन

सिड्नी, १९ भदौ (रासस/एएनआई)।

अष्ट्रेलियाको एउटा विश्वविद्यालयले गरेको अध्ययनले मुटु रोगीका लागि रातो मासु अन्त्यन्त घातक रहेको निष्कर्ष निकालेको छ। दक्षिण अष्ट्रेलिया विश्वविद्यालयको टोली गरेको अध्ययनले रातो मासु हाम्रो स्वास्थ्यका लागि घातक हुनसक्ने देखाएको हो।

प्रशोधित र रातो मासुले मुटुलाई असर पार्ने तत्वहरुको बृद्धि गर्ने गरेको अध्ययनले देखाएको अध्ययनकर्ताहरुले बताएका छन्। त्यस्ता तत्वहरुले मुटुसँगै नशा सम्वन्धी र चिनीरोग सम्वन्धी समस्यामा पनि नकारात्मक असर पार्ने अध्ययनको निष्कर्ष छ।

अध्ययन टोलीका अनुसन्धानकर्ता डा. पेर्माल डेओले भन्नुभयो, "रातो मासुलाई रोष्ट बनाउने, भुटन बनाउने, अत्यधिक तापमा पकाउनेलगायतका प्रक्रियाबाट बनाएर खाएमा बिभिन्न प्रकारका रोगीहरुलाई हानी पुर्‍याउने देखिएको छ।"

# काँग्रेसद्वारा सम्झना सभा



**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

ने.वि.संघ सप्तरीका संस्थापक नेता, नेपाली काग्रेसका पूर्व क्षेत्रीय सभापति एवं राजविराज नगरपालिका पूर्वउपप्रधापञ्च स्व. मुरारी प्रसाद उपाध्यायको सम्झनामा नेपाली काँग्रेस वडा नं.४ ले शनिबार सम्झना सभाको आयोजना गरेको छ ।

बुथ सभापति श्याम शर्माको अध्यक्षता तथा नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य एवं पूर्व गृहराज्यमन्त्री रामकुमार चौधरीको प्रमुख अतिथीमा सम्पन्न सभामा नेपाली काँग्रेस जिल्ला सचिव रामकुमार यादव, पूर्व जिल्ला सचिव सुशिल सेवा, यूवा नेता ईर्साद अंसारी, अरूण मण्डल, महाससमिती सदस्य ध्रुव देव, बिन्दी प्रसाद साह, पूर्वनगर सभापति कपलेश्वर प्रसाद साह, नेबि संघका जिल्ला सचिव रामानन्द देवलगायतले स्व. उपाध्यायको योगदान बारे चर्चा गरेका थिए ।ञ

राजविराज ७ निवासी उपाध्यायको भदौंको पहिलो साता कोरोना संक्रमणबाट उपचारका क्रममा काठमाडौंमा निधन भएको थियो ।

# हरवा चरवालाई राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

कोरोना भाइरस फैलिन नदिन सरकारले गरेको लकडाउनको मारमा परेका सप्तरीको शम्भुनाथ नगरपालिकाको विभिन्न वडाका हरवा चरवा परिवारलाई सप्तरीको एक संस्थाले शुक्रबार राहत बितरण गरेको छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा संचालित सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवा कार्यक्रम अन्तर्गत कोरोना भाइरस आपतकालिन राहत बितरण गरेको हो ।

शम्भुनाथ नगरपालिकाको वडा नम्बर१ देखि १२ सम्मका ११६ घरपरिवारलाई चामल २५ किलो, खाने तेल ३ लिटर, दाल मसुरी ३ किलो, नुन ३ किलो, नुहाउने र लुगा धुने साबुन ३र३ थान, भुजा ३ किलो र माक्स लगायत सामग्रीहरु वितरण गरेको श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीका टिम लिडर बिनोदानन्द चौधरीले जानकारी दिए ।

यस्तै केही महिना अघि हत्या गरिएका सप्तरीको शम्भुनाथ नगरपालिका कचन्दाहाका त्रिभुवन रामको परिवारलाई १५० किलो चामल, १५ किलो दाल, १० लिटर तेल, १२ किलो भुजा, १० किलो नुन,१० पिस साबुन लगायतका सामग्री बितरण गरेको टिम लिडर चौधरीले बताए ।

कार्यक्रममा शम्भुनाथ नगरपालिकाका उपमेयर कविता कुमारी सरदार, श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीका अध्यक्ष सुखीलाल चौधरी, पत्रकार राजु विश्वकर्मा लगायतले राहत बितरण गर्नुभएको श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीका सहजकर्ता बिजली रामले बताए ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभक जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आ छिंकलासँ निकलैवाला थुक आ पोटाक माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आ छिंकैत काल नाक, मुख झापु आ प्रयोग क्यालगेल टिसूपेपरक तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलक २० सेकेण्डधरि हात धोबु। आ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाक रहु। आ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर ११११५ मे फोन क सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु→

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com,* **वेबसाइट** : *rajbirajdainik.com.np*